नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
मुद्रण विभाग
सिंहदरबार, काठमाडौं

फोन नं.: ०१४२११७६४
०१४२११६९५
०१४२११६२२
०१४२११७४९
ई-मेलः- info@dop.gov.np/
departmentofprinting@gmail.com
Website: www.dop.gov.np

## झुरा कागजको लिलाम विक्रीका लागि पुनः शिलबन्दी निवेदन पेस गर्ने सम्बन्धी सूचना।

(प्रकाशित मितिः- २०८१/१०/२४)

यस विभागमा आ.व. २०८१/०८२ मा छपाईमा प्रयोग हुने कागज कटिङ्ग गर्दा निस्कने झूरा कागजको प्रति के.जी. न्यूनतम मूल्य रू. ४२.७८/- (बयालिस रुपैया अठहत्तर पैसा) मा नघट्ने गरी बढाबढमा लिलाम विक्री गर्नुपर्ने भएकोले ईच्छुक नेपाली व्यक्ति, फर्म वा संस्थावाट यो सूचना प्रकाशित भएको मितिले ४ दिन भित्र (चौथो दिनमा सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट) रू.१०/- को टिकट टाँस गरी प्रति केजि झुरा कागजको दररेट उल्लेख गरी रितपूर्वकको शिलबन्दी निवेदन पेश गर्नुहुन तपसिल बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिलः-</u>

१. म्याद भित्र पेश भएका शिलबन्दी निवेदनहरू खोल्ने स्थान, मिति र समयः-
   क. स्थानः मुद्रण विभाग, सिंहदरबार, काठमाडौं।
   ख. मिति र समयः ८ औं दिन दिनको ११:०० बजे।
२. शिलबन्दी निवेदनका साथ रू. ५,०००/- नगदै वा धरौटी (राष्ट्रिय वाणिज्य बैंकमा रहेको धरौटी खाता नं.:१९६०१००१०२०३०००००) बापतको बैंक भौचरको सक्कल प्रति पेस गर्नु पर्नेछ। अन्यथा पेस गरिएको निवेदनलाई रितपूर्वकको निवेदन मानिने छैन।
३. लिलाम विक्री हुने प्रति केजि झूरा कागजको दर सम्झौता गरेको मिति देखि २०८२ आषाढ मसान्त सम्म पटक-पटक गरी विभागका कर्मचारीहरूको रोहवरमा तौल गरी स्वीकृत भएको दररेट अनुसारको रकम आर्थिक प्रशासन शाखामा नगदै बुझाई लैजानु पर्नेछ।
४. झूरा कागज जे जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजानु पर्नेछ।
५. अन्य कूराहरू प्रचालित कानून वमोजिम हुनेछ।

२०८१/१०/२४
शाखा अधिकृत